# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प.सं.
च. नं.

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६९ फागुन ९ गते

## वार्ता र संवादबाटै समाधान गर्न आवश्यक

नेकपा-माओवादीले विभिन्न माग राखी फागनु ८ गते आह्वान गरेको नेपाल बन्दका क्रममा जनजीवन प्रभावित भएकोप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

आयोगले गरेको अनुगमनबाट प्राप्त जानकारीअनुसार देशभरमा १५ वटा गाडी र दुइवटा मोटरसाइकल तोडफोड भएका छन् । कतै कतै सरकारी कार्यालयहरू पनि तोडफोड भएको जानकारी आएको छ ।

आयोगको क्षेत्रीय कार्यालय पोखराबाट प्राप्त जानकारीअनुसार बन्दकर्ताहरूले पोखरामा एक पर्यटक गाडी तोडफोड गरी त्यसका चालकलाई कुटपिटसमेत गरेका छन् । उनीहरू पोखराको सिद्धार्थचोकमा एक निजी कारको सिसा फुटाएका छन् । बन्दबाट परीक्षार्थीहरू पनि प्रभावित भएको पाइएको छ ।

यसैगरी, काठमाडौंमा शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, सगरमाथा टेलिभिजन तथा कान्तिपुर टेलिभिजनको सवारी साधन एवम् निजी ट्याक्सीमाथि पनि तोडफोड भएको छ । यति हुँदाहुँदै पनि दिउँसोको अवधिमा पर्यटक वहान, एम्बुलेन्स, प्रेस, मानव अधिकारकर्मीको गाडी, खानेपानीका गाडीहरू निर्वाध रुपमा चलेको पाइयो ।

बन्दका समयमा जबरजस्ती गर्ने कार्य रोक्न तथा सर्वसाधारण नागरिक निर्भयपूर्वक हिंडडुल गर्ने र शिक्षा, स्वास्थ्य सेवालगायतका अत्यावश्यक सेवाहरू उपयोग गर्न पाउने मौलिक अधिकारको सम्मान गर्न आयोगले बारम्बार बन्दका आह्वानकर्ताहरूलाई आग्रह गर्दै आएको छ । बन्दजस्तो जनजीवनलाई पीडादायी प्रभाव पार्ने कदम नउठाउन र चित्त नबुझेका कुराहरू वार्ता र संवादबाटै समाधान गर्न आयोग सबैसँग आग्रह गर्दछ ।

(वेदप्रसाद भट्टराई)

नि. सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org